संघीय संसद

प्रतिनिधि सभा

# कानून, न्याय तथा मानव अधिकार समिति

बैठक सङ्ख्या: ५३ | मितिः २०८१ पुष २९ गते सोमवार

स्थानः समिति सभाकक्ष (काठघर नम्बर २), सिंहदरबार | बैठक प्रारम्भ: ११:३० बजे अन्त्य: १२:५० बजे

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३ बमोजिम गठित कानून, न्याय तथा मानव अधिकार समितिको बैठक समितिका माननीय सभापति श्री बिमला सुवेदीको सभापतित्वमा आज बस्यो। बैठकमा उपस्थिति, छलफलको विषय र निर्णय देहायबमोजिम रहेको छः-

<u>उपस्थितिः-</u>

| क्रम | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| १. | मा. श्री बिमला सुवेदी | [signature] |
| २. | मा. श्री गोमा लाभ (सापकोटा) | [signature] |
| ३. | मा. श्री चन्द्र बहादुर विश्वकर्मा | [signature] |
| ४. | मा. श्री जीवन परियार | [signature] |
| ५. | मा. श्री ध्रुव बहादुर प्रधान | |
| ६. | मा. श्री नागिना यादव | [signature] |
| ७. | मा. श्री नैनकला थापा | [signature] |
| ८. | मा. श्री पुष्प बहादुर शाह | [signature] |
| ९. | मा. श्री पूर्णबहादुर घर्ती | [signature] |
| १०. | मा. श्री प्रतिक्षा तिवारी | [signature] |

| | | |
|---|---|---|
| ११. | मा. श्री महेश कुमार बतौंला | |
| १२. | मा. श्री रन्जु कुमारी झा | |
| १३. | मा. श्री रामकुमार राई | |
| १४. | मा. डा. शुनिल कुमार शर्मा | अनुपस्थित रहने जानकारी (पत्र) प्राप्त भएको। |
| १५. | मा. श्री शेर बहादुर कुँवर | |
| १६. | मा. श्री शेर बहादुर देउवा | |
| १७. | मा. श्री सन्तोष परियार | |
| १८. | मा. श्री सुशिला थिङ | |
| १९. | मा. श्री सुहाङ्ग नेम्वाङ्ग | |
| २०. | मा. श्री सोबिता गौतम | |

पदेन सदस्यः-

| क्रम | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली | |
| २. | माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय कुमार चौरसिया | [signature] |

आमन्त्रितः-

| क.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ | [signature] |
| २. | श्री उदयराज सापकोटा (सचिव; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय) | |
| ३. | श्री राधिका अर्याल (सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय) | [signature] |
| ४. | हुमबहादुर के.सी. सहसचिव, कानून, न्याय तथा संसदीय मामिला म. | [signature] |
| ५. | राजेश कुमार थापा, उपसचिव, (क.न्या.सं.म.) | [signature] |
| ६. | प्रकाश न्यौपाने, कानून मन्त्रालय उ.स. | [signature] |
| ७. | | |
| ८. | | |
| ९. | | |
| १०. | | |

छलफलको विषयः-

१. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित दफाहरूमा छलफल ।

२. विविध ।

छलफल तथा निर्णयः-

१. समितिको आजको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित दफा २०, २१ र ७३ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्ताव र समितिका माननीय सदस्यहरूको धारणासहित छलफल भयो ।

सर्वप्रथम सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङले सरकारको तर्फबाट आफ्नो धारणा राखुभयो भने मन्त्रालयका सचिव श्री राधिका अर्यालले समेत आफ्नो धारणा राखुभयो । तत्पश्चात् छलफलका क्रममा समितिका माननीय सदस्यहरू- माननीय सदस्य श्री नागिना यादव, माननीय सदस्य श्री पूर्णबहादुर घर्ती, माननीय सदस्य श्री शेर बहादुर कुँवर, माननीय सदस्य श्री रन्जु कुमारी झा, माननीय सदस्य श्री प्रतिक्षा तिंवारी, माननीय सदस्य श्री नैनकला थापा, माननीय सदस्य श्री महेश कुमार बर्तौला, माननीय सदस्य श्री सोबिता गौतमले आआफ्ना धारणा राखुभयो ।

छलफलका क्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ, कानून र न्याय तथा संसदीय ममिला मन्त्री श्री अजयकुमार चौरसियाले आआफ्ना धारणा राखुभयो। त्यसै गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्याल र कानून र न्याय तथा संसदीय ममिला मन्त्रालयका सहसचिव हुमबहादुर के. सी. ले समेत आआफ्ना धारणा राखुभयो।

२. समितिको आजको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल हुँदा छलफलपश्चात् निष्कर्षमा पुगेका विषयहरू सोहीबमोजिम हुने जानकारी गराउँदै सभापतिले समितिको आजको बैठक अन्त्य गर्नुभयो।

................ ......................

(अधि राज राई) (बिमला सुवेदी)

समितिको सचिव सभापति